स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



अभिनेता रणवीर शोरे सलमान खानको ब्लकबस्टर फिल्म 'एक था टाइगर' मा देखा परेका थिए। तर उनी दोस्रो फिल्म 'टाइगर जिन्दा है'मा देखा परेनन्। अहिले रणवीर आफैंले दोस्रो फिल्म छोड्नुको कारण बताएका छन्। उनले दोस्रो फिल्म अस्वीकार गरे पनि रिसको कारण 'टाइगर ३' को हिस्सा बनेको खुलाए। 'टाइगर जिन्दा है' नगरेको बारेमा भने, 'मलाई पनि टाइगर २ (टाइगर जिन्दा है) को अफर आएको थियो।

**आजको विचार...**



भोले...
(दुई पेजमा)

दीर्घबहादुर चन्द 'सुमन'

यस वर्षको प्रथम चौमासिक अवधि (बैशाख, जेठ, असार र साउन) समाप्त भइसकेको छ। यो चार महिनामा लगभग दुई दर्जन बढी फिल्म प्रदर्शनमा आए। त्यसमध्ये जम्मा दुईवटा फिल्मले मात्र व्यावसायिक सफलता हासिल गरेका छन्। यस वर्षको पहिलो हिट फिल्म 'ऊनको स्वीटर' हो। यसले ११ करोडमाथि व्यापार गरेको थियो। अब 'मोहर' यस वर्षको दोस्रो हिट फिल्म बनेको छ। पब्लिसिटीसहित १ करोड ८६ लाखको बजेटमा बनेको हो। यो लगानी उठाउन फिल्मले कम्तिमा पनि चार करोड कमाउनै पर्ने हुन्थ्यो।



❒ वर्ष ३१ ❒ अंक ४६ ❒ २०८२ भदौ १६ गते सोमबार 1 September 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# मोहन कन्या स्थापनाको ७५ वर्ष : आज हिरक महोत्सव मनाउँदै

रामचन्द्र रायमाझी

**पाल्पा,** भदौ १५/पश्चिम क्षेत्रकै एक मात्र प्राविधिक कन्या स्कुल मोहन कन्या माध्यमिक विद्यालय ७५ वर्षको यात्रामा प्रवेश गरेको छ । कन्याहरुलाई व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक र नैतिक मूल्य बोध गराउने शिक्षाको मान्यता राखी स्थापना भएको स्कूलले ७५ वर्षको बुढ्यौली यात्रा तय गरेको हो ।

७५ वर्षको अवसरमा विद्यालयले आज भव्य रुपमा हिरक महोत्सव मनाउँदै छ । महोत्सवको सम्पूर्ण तयारी पुरा भएको विद्यालयले जनाएको छ । महोत्सवको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गर्ने काम रहेको विद्यालयका प्रधानाध्यापक दिपक ज्ञवालीले बताए । उनका अनुसार विभिन्न कार्यक्रमका साथ हिरक महोत्सव मनाउन लागिएको हो । विद्यालयले यस अघि विभिन्न कार्यक्रम समेत सम्पन्न गरिसकेको छ । नेपाली समाजमा छोरीहरुलाई शिक्षा प्राप्त गर्न कठिन र चुनौती रहेका बेला २००७ सालमा विद्यालयले कन्याहरुका लागि छुट्टै छात्रावासको व्यवस्था गरी अध्ययन, अध्यापन गराउँदै आएको छ । यो यात्रामा विद्यालयले आफुलाई नेपालकै प्रतिष्ठित र उत्कृष्ट शैक्षिक संस्थाको




रुपमा पहिचान बनाउन सफल भएको छ । त्यसबेला धेरैले विश्वास नगरेको विषय थियो पाल्पामा कन्याहरुका लागि स्थापित स्कुल ७५ वर्षसम्म खडा हुनेछ तर धेरैको आकलनलाई गलत सावित गर्दै मोहन कन्याले आफ्नो ७४ वर्षे यात्रा पार गर्न सफल भएको छ । पश्चिम क्षेत्रमै तल्कालिन समयमा पढ्न चाहने छोरीहरुका लागि छुट्टै विद्यालयहरु थिएनन् । निजी र सामुदायिक शैक्षिक संस्थाका रुपमा सीमित स्कुलहरु त खुलेका थिए, तर तिनले छोरीहरुलाई शिक्षाको पहुँचमा ल्याउन सकेका थिएनन् । त्यही परिवेशमा २००७ सालमा स्थापना भएको मोहन कन्यालाई कन्याहरुका लागि शैक्षिक विकासको आधारशिला मान्न सकिन्छ । स्कूलतहदेखि कक्षा ११/१२ मा शिक्षा, व्यवस्थापन र कम्प्युटर इञ्जिनियरिङ्ग संकायको शैक्षिक कार्यक्रम विकासमा यस स्कुलको ठूलो योगदान रह्यो । सात दशक लामो यात्रामा मोहन कन्याले विद्यार्थीहरुलाई छात्रावासको व्यवस्थासँगै प्राविधिक शिक्षा पढ्न चाहानेका लागि वातावरण समेत सिर्जना गरिदिएको छ । सरकारीस्तरबाट होस् वा राजनीतिक स्तरबाट नै किन नहोस् उपेक्षामा परेका कयौं शैक्षिक संस्थाहरु धरासयी हुँदै गएको अवस्थामा मोहन कन्याले ७५ औं वार्षिक उत्सव मनाउनुलाई कम आकलन गर्न सकिदैन । हिरक महोत्सवको अवसरमा भदौ १५ गते पुर्व विद्यार्थी पुर्नमिलन कार्यक्रम गरेको छ । विद्यालयमा हाल ३ सय भन्दा बढी विद्यार्थी अध्यनरत रहेका छन् भने कक्षा ९ देखी १२ सम्म १ सय ४० जना विद्यार्थीले अध्ययन गर्दै आएका छन् । विद्यालयले अधिकाश विद्यार्थीहरुलाई छात्रबृत्ति उपलब्ध गराएको, पठन-पाठनमा कुनै किसिमको शुल्क नलाग्ने, पहिलो पटक भर्ना हुने विद्यार्थीलाई विद्यालय पोशाक नि:शुल्क उपलब्ध गराउने, कक्षा ८ सम्म नि:शुल्क रुपमा दिवा खाजाको व्यवस्था, कम्प्युटर विज्ञानमा ओजीटी गर्दा छाबृत्तिको व्यवस्था लगायतका सुविधाहरु पाउने विद्यालयका प्रधानाध्यापक ज्ञवालीले बताए । विद्यालयले आगामी दिनमा विद्यालय नर्स कार्यक्रम सञ्चालनको लागि आवश्यक तयारीमा जुटेको विद्यालय व्यबस्थापन समितिका अध्यक्ष विधान श्रेष्ठले बताए । हिरक महोत्सवलाई उत्सवका रुपमा मनाउन लागिएको महोत्सवका सञ्चार एवं प्रचार प्रसार समितिका संयोजक गोपाल बस्यालले बताए ।

## सक्षिप्त समाचार

### इजरायलको आक्रमणमा ७७६ को मृत्यु

(रासस/एएफपी)

**साना,** भदौ १५/सन् २०२५ को पहिलो छ महिनामा उत्तरी यमनमा अमेरिका र इजरायलबीच भएको हवाई आक्रमणमा परी ७७६ जनाको मृत्यु भएको हुथी विद्रोहीद्वारा सञ्चालित अल-मसिराह टिभीले जनाएको छ । राजधानी साना, रेड सीको बन्दरगाह शहर होदेइदा, सादा र अम्रान प्रान्तमा सबैभन्दा बढी महिला र बालबालिकाको मृत्यु भएको यमनी सञ्चारमाध्यमले जनाएका छन् । गत अप्रिल २८ मा सादा प्रान्तको आप्रवासी हिरासत केन्द्रमा अमेरिकी हवाई आक्रमणमा ७० इथियोपियाली आप्रवासीको पनि मृत्यु भएको थियो । अल-मसिराह टिभीले मारिएका र घाइते भएकाहरूको विवरण उपलब्ध गराएको छैन र तथ्याङ्कहरू स्वतन्त्र रूपमा पुष्टि गर्न सकिएको छैन । हवाई आक्रमणले विमानस्थल, बन्दरगाह, विद्युत् र इन्धन स्टेसनका साथै कारखानालाई समेत निशाना बनाएको बताइएको छ । गत मे महिनामा ओमानको मध्यस्थतामा हुथी विद्रोहीले लाल सागरमा अमेरिकी पानीजहाजलाई निशाना बनाउने काम बन्द गर्ने प्रतिबद्धता जनाएपछि संयुक्त राज्य अमेरिकाले हुथीविद्रोही माथिको आक्रमण रोकेको थियो । यसैबीच, गाजामा इजरायल-हमास युद्धका बीच प्यालेस्टाइनप्रति ऐक्यबद्धता जनाउन हुथी विद्रोहीले सन् २०२३ नोभेम्बरदेखि इजरायललाई लामो दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र र ड्रोनले निशाना बनाइरहेका छन् ।

# बेपत्ता पुरुष मृत फेला



**गुल्मी,** भदौ १५/यहाँ बेपत्ता पुरुष मृत फेला परेका छन् । जिल्लाको मदाने गाउँपालिका-७ भनभनेस्थित सामुदायिक वनमा ५६ वर्षीय शिवबहादुर घर्ती मृत फेला परेका हुन् ।

धुर्कोट गाउँपालिका-६ रजस्थलका उनी आठ दिनदेखि बेपत्ता थिए । खोजतलास गर्ने क्रममा घर्ती मृत भेटिएका जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुले जानकारी दिए । इलाका प्रहरी कार्यालय पुर्कोटदह र जिल्ला प्रहरी कार्यालय गुल्मीबाट खटेको प्रहरी टोलीले शवको प्रारम्भिक अनुसन्धान गरी घटनास्थलबाट शव उठाइएको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बाँझिएको जमिनलाई फाँडेर रहरलाग्दो कागतीखेती

**वालिङ (स्याङ्जा),** भदौ १५/यहाँका एक युवाले व्यावसायिक रूपमा कागतीखेती गरेका छन् । स्याङ्जाको वालिङ नगरपालिका-५ चिसापानीका ऋषि रेग्मीले व्यावसायिक रूपमा कागतीखेती गरी मनग्य आम्दानी लिन थालेका हुन् ।

विसं २०७८ मा भएको कोरोना महामारीले उत्पन्न भएको 'लकडाउन'का बेला गाउँमै कागतीखेती थालेका उनले गत वर्षदेखि उत्पादन लिन थालेका हुन् । उनले गल्याङ नगरपालिका-५ स्यालबासबाट एक सय बोट सुन कागतीका बेर्ना ल्याएर लगाएका थिए । कोरोनाका समयमा घरबाहिर हिँडडुल गर्न नभएपछि समयको सदुपयोग गर्दै कागतीखेती गर्ने योजना बनाएर काम सुरु गरेका रेग्मीको अहिले आम्दानीको गतिलो स्रोत नै कागती बन्न पुगेको छ । "बाँदरको समस्याका कारण खेतीयोग्य जमिन बाँझिदै गएपछि विकल्पका रूपमा कागतीको सम्भावना देखेपछि कागती रोपेको हुँ", उनले भने, "त्यतिबेला देखेको सपना अहिले आएर साकार हुँदै गएको छ, खुसी छु ।" खेतीपाती नभएपछि बाँझिएको जमिनलाई फाँडेर



उनले गाउँमै पहिलो पटक व्यावसायिक रूपमा थालेको कागतीखेती आज नमूनाका रूपमा रहेको छ । कागतीखेतीसम्बन्धी प्राविधिक ज्ञान नभए ता पनि युट्युबमा हेरेरै त्यसको प्रयोग गरिरहेको उनले बताए । "एक सय बोटमध्ये ९० बोटले गत वर्षबाट राम्रो उत्पादन दिन थालेका छन्", उनले भने, "गत वर्षको तुलनामा यस वर्ष झनै राम्रो उत्पादन छ, गत वर्षभन्दा उत्पादन दोब्बर बढी हुँदै गएको छ ।" झण्डै पाँच रोपनी क्षेत्रफलमा व्यावसायिक कागतीखेती गरेका रेग्मीले गत वर्षमात्र झण्डै ६० हजारको कागती बिक्री गरेका थिए । यहाँ उत्पादन भएको कागती स्थानीय वालिङ बजारका होटलमा खपत हुँदै आएको छ । उनले कागती प्रतिकेजी दुई सयदेखि तीन सयका दरले बिक्री गर्दै आएका छन् । "यहाँ उत्पादन भएको कागतीले बजार नपाउने भन्ने समस्या अहिलेसम्म छैन", उनले भने, "कागती व्यापारीलाई नभई सिधैं होटलमा बिक्री गर्ने भएकाले पनि बजार मूल्य राम्रो पाएको छु ।" खाली तथा बाँझिएको जमिनमा अझै नयाँ-नयाँ बोट थप्दै जाने योजनामा उनी छन् । गाउँमा व्यावसायिक रूपमा उनले कागतीखेती गरेर उत्पादनसँगै आम्दानी लिन थालेपछि अहिले त्यहाँका स्थानीयवासी पनि कागतीखेतीलाई व्यावसायिक रूपमा अगाडि बढाउने तयारीमा छन् ।

*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सहुलियतपूर्ण कर्जा प्रभावकारी बनाऊ

कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न दिइने कर्जा नै सहुलियतपूर्ण कर्जा हो । शिक्षित बेरोजगार युवालाई मुलुकभित्र रोजगारीका अवसर सिर्जना गर्न, विदेशबाट फर्केका युवाको विदेशमा आर्जन गरेको सिप र व्यावसायिक दक्षता उपयोग गर्दै उनीहरूलाई स्वरोजगार बनाउन, महिलामा उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सीप र पेसालाई आधुनिकीकरण एवं प्रवर्द्धन गरी उद्यमशीलता विकास गर्न, आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि तथा भूकम्पपीडितहरूको निजी आवास निर्माणका लागि बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने कर्जामा नेपाल सरकारबाट ब्याज अनुदान सुविधा उपलब्ध हुने गरी प्रवाह हुने कर्जा नै सहुलियतपूर्ण कर्जा हो । सहुलियत कर्जा, अनुदान र सरकारी प्रोत्साहन योजना देशको आर्थिक समृद्धि, रोजगारी सिर्जना तथा उत्पादन वृद्धि गर्ने उद्देश्यले ल्याइने गरे पनि यस्ता सहुलियत सुविधा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् । अर्बौं रुपैयाँ बराबरको कर्जा र अनुदान लक्षित वर्गमा नपुगी पहुँचवाला, बिचौलिया र टाठाबाठाको हातमा पुग्ने गरेको छ ।

सरकारले कर्जाको दुरुपयोग भए बाँकी अनुदान रोक्ने वा भुक्तानी गरिसकेको रकम असुल गर्ने व्यवस्था गरे पनि व्यवहारमा यसको कार्यान्वयन हुन सकेको छैन । जसका कारण टाढाबाठाले यसको रजाइँ गरेका छन् । यो अत्यन्त दुखको कुरा हो । सरकारले नीतिनिर्देशन गर्ने र केन्द्रीय बैङ्कले सहुलियतपूर्ण ऋणको उचित व्यवस्थापनका खातिर बैङ्क तथा वित्तीय संस्थाको निरन्तर अनुगमन गर्ने प्रक्रिया महत्वपूर्ण पाटो हुन सक्छ । सरकारको ब्याज अनुदानमा आधारित यो ऋण कार्यक्रमको उपयोग गरेर मुलुकमा औद्योगिक वातावरण तयार पार्ने योगदानका निम्ति लक्षित समूहलाई प्रेरित गर्नु त्यत्तिकै आवश्यक छ । तसर्थ सहुलियतपूर्ण कर्जालाई अनुशासित, लक्षित र पारदर्शी बनाउने दिशामा सरकार गम्भीर बन्न जरुरी देखिन्छ ।

### Opinion @ Social Network

चाहिदा खुब चासो गर्ने
अनि स्वार्थ पुरा भए पछि गुनासो गर्दै हिड्ने जात हो मान्छे ।
*(कोपीला शर्माफेसबुक स्टाटसबाट www.facebook.com/Kopila.Sharma)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# झोले : झोला बोक्ने कि विवेक शून्य ?



**दीर्घबहादुर चन्द 'सुमन'**

> *'झोले'को ट्याग झुन्ड्याइहाल्छन् । कोही व्यक्ति कुनै प्रतिस्पर्धात्मक छनोट परीक्षामा पास भयो भने आफैँ पास भएँ भन्छ, आफू अयोग्य भएर असफल भएमा मलाई फेल गरियो भन्छ । आफू लाभमा हुन्जेलसम्म सबै ठिक र आफू वञ्चित हुनासाथ गाली गर्ने प्रवृत्ति रहेको समाजले आफूबाहेक सबैलाई झोले नै देख्छ । एक हिसाबले भन्ने हो भने यस्तो मानसिकता भएको समाजले राजनीतिकर्मीलाई पनि अवैध क्रियाकलाप गर्न उक्साउँछ । हाम्रोजस्तो व्यवस्थामा राजनीति गर्न जनसमर्थन चाहिन्छ र नियमानुसार गर्ने नेताले अपेक्षित जनसमर्थन पाउँदैन ।*

'मिक्स्ड मार्सल आर्ट' (एमएमए) विधाको 'म्याट्रिक्स फाइट नाइट' (एमएफएन) प्रतिस्पर्धाको ब्यान्टम वेट श्रेणीमा च्याम्पियन भएका खेलाडी रवीन्द्र ढाँटलाई जब सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालयमा निमन्त्रणा गरी बधाई दिँदै सम्मान गर्नुभयोह चिया बिस्कुट खुवाएर बिदाइ गर्नुभयोह तब सामाजिक सञ्जाल लगायत नेपाली मिडियामा उक्त कार्यको प्रशंसा भन्दा नकारात्मक टिप्पणी बढी भयो । यस पंक्तिकारले सञ्जालमा पोस्ट गरिएको कुनै एक नकारात्मक स्ट्याटसमा 'राष्ट्रपतिले बोलाएर बधाई दिनु र सम्मान गर्नु पनि कुनै पुरस्कारभन्दा कम होइन, सकारात्मक बनौँ' भनेर टिप्पणी गरेको थियो । त्यसमा सबैभन्दा पहिलो कमेन्ट नै 'झोले' भन्ने थियो । यद्यपि धेरैले नकारात्मक कमेन्ट गर्नुका साथै केहीले मेरो टिप्पणीलाई सकारात्मकताका साथ लाइक पनि गरे, तर उक्त झोले भन्ने कमेन्टले मेरो मानसपटलमा एक प्रकारको हलचल नै मच्चायो, मेरो अस्तित्व र विवेकले उक्त झोले शब्द पचाउन सकेन र यो लेख लेख्न बाध्य भएँ । सम्माननीय प्रधानमन्त्री केपी वलीले आफू जनताको झोले भएको र जनताको कल्याणका लागि जनताको झोला बोकिरहने भन्ने भावसहितको घोषणा गरेका थिए । त्यसपश्चात् नेकपा एमालेले 'झोले अभियान' नै चलाएको थियो, यद्यपि उक्त अभियानले समाजमा सोचेजस्तो सकारात्मकता पैदा गरेन । मेरो राजनीतिक चेतनाले मूलधारका कुनै राजनीतिक पार्टीलाई समर्थन गर्न सक्ला तर हाल म कुनै पनि राजनीतिक पार्टीसँग आबद्ध छैन ।

**झोले व्यक्ति हो कि मानसिकता ?**

नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित प्रज्ञा नेपाली बृहत् शब्दकोश अनुसार झोले भनेको अर्काको झोला बोक्ने, झोल भएको, रसदार र झोला भिरेर हिँड्ने भनेर अर्थ्याइएको छ । झोले भनेको सम्पत्तिका नाममा झोला मात्र भएको मान्छे हो वा झोला बोक्ने मान्छे हो, चोक्टाको सट्टा झोल मन पराउने मान्छे वा लागु पदार्थको नसामा झुलिरहेका मान्छे हो ? वा, के हो त झोले ? राजनीति फोहोरी खेल हो । सत्यवादी, सोझा, इमानदार र मेधावी व्यक्तिलाई राजनीतिमा प्रवेश निषेध गर्ने उद्देश्यका साथ नेपालमा जालझेल र षड्यन्त्र गर्न सक्ने, खुट्टा तान्ने प्रवृत्ति भएका, झुटो बोल्ने तथा आश्वासन दिन सक्ने, लाज नभएका, बाहुबली गुन्डा र बेइमानले मात्र राजनीति गर्नुपर्छ भन्ने भाष्य तयार गरिएको छ । कथंकदाचित् कोही सोझो र इमानदार व्यक्ति कुनै संस्था वा दलको नेतृत्व र कर्मचारी संयन्त्रको ठुलो ओहोदामा पुगिहाले पनि सर्वसाधारण जनता, नातागोता र छरछिमेकमा भएका व्यक्तिले गर्ने टिप्पणी यस्तो हुन्छ, 'ओहो ! उनी त सोझा छन्, उनले केही गर्न सक्लान् जस्तो लाग्दैन ।' सर्वसाधारण जनताको अपेक्षा पनि कोही चिने-जानेको व्यक्ति ठुलो ठाउँमा पुगेमा उसले आफ्नो छोराछोरी वा आफन्तलाई राम्रो जागिर लगाइदेओस्, आफूलाई परेका बेलामा सहयोग गरोस्, लाभकारी पदमा नियुक्ति देओस्, भनेको ठाउँमा सरुवा र बढुवा गरिदेओस्, ठेक्कापट्टा मिलाइदेओस्, आफ्नो संस्थालाई आर्थिक सहयोग गरिदेओस्, आफ्नो गाउँ-ठाउँमा बढी बजेट छुट्ट्याओस् भन्ने हुन्छ । आफ्ना लागि त्यस्तो अपेक्षा गर्ने जनसमूहले आफूले भनेजस्तो नभएपछि भोलिपल्टदेखि गाली गर्ने र कसैले नियमानुसार लाभ लिएको भए उसलाई 'झोले'को ट्याग झुन्ड्याइहाल्छन् । कोही व्यक्ति कुनै प्रतिस्पर्धात्मक छनोट परीक्षामा पास भयो भने आफैँ पास भएँ भन्छ, आफू अयोग्य भएर असफल भएमा मलाई फेल गरियो भन्छ । आफू लाभमा हुन्जेलसम्म सबै ठिक र आफू वञ्चित हुनासाथ गाली गर्ने प्रवृत्ति रहेको समाजले आफूबाहेक सबैलाई झोले नै देख्छ । एक हिसाबले भन्ने हो भने यस्तो मानसिकता भएको समाजले राजनीतिकर्मीलाई पनि अवैध क्रियाकलाप गर्न उक्साउँछ । हाम्रोजस्तो व्यवस्थामा राजनीति गर्न जनसमर्थन चाहिन्छ र नियमानुसार गर्ने नेताले अपेक्षित जनसमर्थन पाउँदैन । हाम्रो समाजको मानसिकता नै झोले प्रवृत्तिको छ, जसले आफूबाहेक सबैलाई झोले देख्छ । राम्रो र नराम्रोको पहिचान नगरी विवेकशून्य समर्थन र विरोध गर्नु पनि झोले प्रवृत्ति नै हो । शब्दकोशमा जेसुकै अर्थ लाग्ने भए पनि नेपालको राजनीतिक वातावरणमा 'दास' शब्दले विवेक भएका तर बाध्यताले बोल्न नसक्ने समूहलाई बुझाउँछ, 'अन्धभक्त' शब्दले आफूसँग विवेक भए पनि विवेक प्रयोग नगर्ने बगाललाई बुझाउँछ, 'झोले' शब्दले आफ्नो विवेक बन्धकी राखेर गलतलाई पनि सही भन्ने जमातलाई बुझाउँछ । तसर्थ, झोले भनेको कुनै अमुक व्यक्ति होइन यो त मानसिकता हो ।

**मान-सम्मान के हो ?**

जनजनको मनमनमा आदर र प्रेमसहित बस्नु मान-सम्मान हो । कसैले गरेको काम वा उसले हासिल गरेको सफलता र उसको भावनाको कदर गर्दै स्वस्फूर्त रूपमा अधिकांश जनताको मनमा निजप्रति निस्कने प्रेम र आदर नै वास्तविक मान-सम्मान हो । प्रज्ञाको शब्दकोश अनुसार 'मान' शब्दले आदर, सत्कार, सम्मान, प्रतिष्ठा, दर्जा, पदवी लगायत अनेक अर्थ दिन्छ, त्यस्तै 'सम्मान' शब्दले प्रतिष्ठा, इज्जत, विशेष मान, ठुलो आदर, सत्कारलाई बुझाउँछ । मान-सम्मानका लागि पैसाभन्दा पनि इज्जत र आदर जरुरी हुन्छ । पुरस्कार हो भने त्यसमा केही उपहार, मेडल, पारितोषिक वा इनाम दिइन्छ । पंक्तिकारले सुरुवातमा भनेजस्तै राष्ट्रप्रमुखले राष्ट्रपति कार्यालयमा निमन्त्रणा गरेर प्रशंसा गर्नु, बधाई दिनु र सम्मान गर्नु पनि त ठुलो मान हो । जो-कोहीलाई त्यसरी राष्ट्रप्रमुखले मान-सम्मान दिँदैनन् र यस्तो मान-सम्मान पैसाले किन्न पनि सकिन्न । जो-कोहीलाई राष्ट्रपति निवासमा विनाकाम प्रवेश गर्न पनि निषेध गरिएको हुन्छ । मान-सम्मान गर्न कुनै मूल्यवान् वस्तुको आवश्यकता हुँदैन । सर्वसाधारण नागरिकका लागि कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरको उपलब्धिमा कुनै व्यापारीले दिएको लाखौँ रकमको इनामभन्दा राष्ट्रको अभिभावक राष्ट्रप्रमुखले दिएको धन्यवाद मूल्यवान् र ऐतिहासिक हुन्छ, हुनुपर्छ । पैसा चलायमान हुन्छ, अस्थायी हुन्छ तर सम्मान चिरस्थायी हुन्छ । एमएफएन च्याम्पियन रवीन्द्र ढाँटलाई सरकारले पाँच लाख रुपैयाँ दिने घोषणा गरिसकेको छ, साथै उचित समयमा थप सम्मानित र पुरस्कृत गर्ने नै छ तर विनापुरस्कार राशिको सम्मानलाई पनि हामीले अपमान गर्नु हुँदैन, राम्रो कुराको प्रशंसा पनि गर्न सिक्नुपर्छ । किन नकारात्मकता ? संसारमै नेपाल यस्तो देश हो, जहाँ सबैभन्दा बढी राजनीतिकै गफ हुन्छ । यस्तो लाग्छ, नेपालमा चियापसलदेखि पाँचतारे होटलसम्म गफ दिनेहरू, कार्यालय सहायकदेखि सचिवसम्मका पदधारीहरू, मगन्तेदेखि खर्बपतिसम्म, दूरदराजका कुनाकन्दरादेखि सहरबजारसम्मका सबै व्यक्ति राजनीतिशास्त्रका धुरन्धर विद्वान् हुन् । उनीहरूलाई राष्ट्रपति, प्रधानमन्त्रीदेखि सर्वोच्च अदालतका न्यायाधीश लगायत सबै उच्च ओहोदामा पदासीन व्यक्तिले के गर्नुपर्छ र कसरी गर्नुपर्छ भन्ने कुराको सबै समाधान हुन्छ तर उनीहरूमध्ये कपितयले एक लिटर पेट्रोल वा एक गिलास रक्सी वा मासुभात वा सामान्य आश्वासनमा आफ्नो विवेक र चेतना साटिएको कुरा थाहै पाउँदैनन् । नेपालका हरेक तह र तप्कामा राजनीतीकरण भन्दा पनि पार्टीकरण भएको छ । विद्यार्थी, शिक्षक, पत्रकार, व्यापारी, न्यायसेवा, निजामती सेवा, किसान, मजदुर लगायत यावत् क्षेत्रमा यहाँसम्म कि देवालय र मन्दिरमा समेत पार्टीकरणले गहिरो जरो गाडेको छ । कहिलेकाहीँ त यस्तो लाग्छ कि नेपालका देवता पनि पार्टीमा विभाजित छन् । नेपालमा सामाजिक सञ्जालका प्रयोगकर्ता अनियन्त्रित भएका छन् । कसैको मान-सम्मान र प्रतिष्ठाको ख्याल नगरी खुला रूपमा गालीगलौज गर्ने र अपमान गर्ने प्रवृत्ति बढेको छ । सामाजिक सञ्जालमा राष्ट्रपति, प्रधानमन्त्री लगायत अति विशिष्ट र विशिष्ट व्यक्तिदेखि विपक्षी दलका नेता, सरकारी कर्मचारी, नाम चलेका व्यापारी, कलाकार सबैको दोहोलो काढिएको हुन्छ । मूलधारका पार्टीहरूमा दशकौँदेखि नेतृत्व परिवर्तन नहुनुह सत्तास्वार्थमा आफ्नो सिद्धान्तलाई बिर्सनुह सिद्धान्तहीन र एजेन्डाहीन गठबन्धन परिवर्तन गरिराख्नुह वर्ष फेरिनुभन्दा बढी सरकार फेरिनुह यसले गर्दा मन्त्री, भूतपूर्व मन्त्रीहरू, माननीयहरू र तिनका कार्यकर्ताहरू बढ्नुह हरेक ठाउँमा भागबन्डा र कोटाको किचलो हुनु आदिले जनतामा चरम निराशा छाएको छ । सामाजिक सञ्जालमा देखिने सघन नकारात्मकता सायद यस्तै क्रियाकलापको उपज हो र समग्रमा भन्ने हो भने यो अवस्थाका लागि नेता जनता सबै जिम्मेवार छन् ।

**निष्कर्ष :** जनताले सुशासन, स्थिरता, शान्ति र विकासका साथै मूलधारका पार्टीमा नेतृत्व परिवर्तन चाहेको कुरा कसैबाट लुकेको छैन । हरेक दशकमा व्यवस्था परिवर्तन गर्दा-गर्दा थाकेका जनताले व्यवस्था होइन अवस्था परिवर्तन चाहेका हुन् । अहिले राजनीतिलाई हेर्ने दृष्टिकोण र राजनीति राम्रो मान्छेले गर्ने कुरो होइन भन्ने भाष्य परिवर्तन गर्नु नितान्त जरुरी छ । राम्रा, होनहार, दूरदृष्टि भएका र इमानदार युवालाई राजनीतिमा प्रवेश गर्ने वातावरण बनाउनु आजको आवश्यकता हो । कुनै पार्टीको सदस्य हुनासाथ त्यसलाई झोले देख्ने समाजमा कसरी राम्रो व्यक्तिले राजनीतिमा प्रवेश गर्लान् भन्ने आजको यक्ष प्रश्न हो । देश हाँक्ने नै राजनीतिले हो र राजनीतिमा योग्य मान्छे हुनैपर्छ भन्ने आम बुझाइ हो । राजनीति गर्न पार्टी चाहिन्छ, पार्टी हुन सदस्य चाहिन्छ र सदस्यतामै राम्रा व्यक्ति निषेध गरिए कसरी राम्रो नेतृत्व निर्माण हुन्छ ? हाम्रो समाजको झोले मानसिकताको अन्त्य नभएसम्म देशको उन्नति र प्रगतिमा झोले बाधक नै बनेर तेर्सिइरहनेछ ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सम्झौता गर्नुपर्ला।कमजोरीको अनुभवले कार्यक्षेत्र बाधित हुनेछ। | **तुला** : नयाँ योजनाहरू गुप्त राख्नुहोस्। साझेदारी व्यारमा लाभ रहनेछ। |
| **वृष** : साझेदारी व्यापारमा लाभ मिल्नेछ। बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ। | **वृश्चिक** : उचित मूल्यांकन मिल्नेछ। व्यक्तिको कुरालाई वेवास्था नगर्नुहोस्। |
| **मिथुन** : मेहनतले सम्मानित स्थान दिलाउनेछ। शत्रुहरू सक्रिय रहनेछन्। | **धनु** : वैदेशिक रोजगारमा लाभ मिल्नेछ। स्वास्थ्यलाई लिएर सावधान रहनुहोला। |
| **कर्कट** : परीक्षाको परिणाम अनुकूल आउनेछ। स्वास्थ्यले साथ दिनेछ। | **मकर** : योजनामा फेरबदल गर्नुपर्ला। रोजगारीका नयाँ अवसर मिल्नेछन्। |
| **सिंह** : व्यापार व्यवसायमा नयाँ प्रयोगबाट सफलता प्राप्त गर्न सक्नुहुनेछ। | **कुम्भ** : नयाँ कार्यको थालनी गर्ने योजना सफल हुनेछ। समाजमा पदप्रतिष्ठा बढ्नेछ। |
| **कन्या** : विवादको समस्या सुल्झिनेछ। कार्यमा आफ्नो ध्यान केन्द्रित राख्नुहोस। | **मीन** : नयाँ जिम्मेवारी बढ्नेछ। व्यापार मा प्रशस्त फाइदा उठाउन सकिएला। |

# दसैंका लागि सुकिला नोट साट्ने, नयाँ नोट भने नपाइने



**पाल्पा,** भदौ १५/दशैँ, तिहारलगायत चाडलाई लक्ष्यित गरेर नेपाल राष्ट्र बैंकले यही भदौ २९ देखि असोज १० गतेसम्म सुकिला नोट साट्ने व्यवस्था गरेको जनाएको छ । बैंकको मुद्रा व्यवस्थापन विभागले एक जना जारी गर्दै दशैंका लागि सुकिला नोट साट्ने व्यवस्था गरिएको जनाएको हो ।

"नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभाग र प्रदेशस्थित कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) बाट २०८२ भदौ २९ देखि असोज १० गतेसम्म सुकिला नोट सटही गर्न सकिनेछ", राष्ट्र बैंकले सूचनामा भनेको छ, "साथै बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरुबाट पनि सुकिला नोट साट्ने व्यवस्था मिलाइएको छ ।" चाडपर्वका बेला रु पाँच, १०, २०, ५० र १०० दरका नोटको माग अधिक हुने गरेको छ । राष्ट्र बैंकले यस वर्ष नयाँ नोट भने नबाँड्ने भएको छ । दसैँका लागि नयाँ नोट बाँड्दै आएको राष्ट्र बैंकले पछिल्लो समय सुकिला नोट मात्र बाँड्न थालेको हो । दसैँमा नयाँ नोट छापेर बजारमा पठाउने, तिनै नोट चाडपर्वमा प्रयोग गर्दा छिट्टै बिग्रने गरेको हुँदा यसलाई कमी गर्न राष्ट्र बैंकले गत वर्ष पनि नयाँ नोट वितरण गर्न बन्द गरेको थियो । गत वर्षदेखि राष्ट्र बैंकले नयाँ नोटको सट्टा सुकिलो नोट वितरण गर्दै आएको छ । अतिरिक्त खर्च जोगिने र सुकिला नोट पनि व्यवस्थापन हुने भएकाले यस्तो निर्णय लिइएको राष्ट्र बैंकको तर्क छ । डिजिटल कारोबारलगायतका कारण ढुकुटीमा सुकिला नोट थुप्रिएपछि त्यसको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । चाडपर्वका बेला नै केन्द्रीय बैंकले मैला नोट खिचेर नयाँ नोट बजारमा पठाउँदै आएको छ ।

राष्ट्र बैंकले आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीति मार्फत 'सफा नोट नीति' सार्वजनिक गरेको थियो । आार्थिक कारोबारमा सफा नोट मात्र प्रयोग गर्ने र झुत्रा नोट बैंक तथा वित्तीय संस्थाले केन्द्रीय बैंकलाई बुझाउने गरेका छन् । अन्तरराष्ट्रिय बोलपत्र आह्वान गरी विदेशमा नोट छापिने गरेको छ । यसो गर्दा राज्यकोषबाट धेरै खर्च हुने भएकाले नोट सफा राख्न केन्द्रीय बैंकले अनुरोध गर्दै आएको छ ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

### लुम्बिनी लाभाजमा दुई विदेशी खेलाडी थपिए



**काठमाडौं,** भदौ १५/वात्सल्य एभरेष्ट महिला भलिबल लिगका लागि लुम्बिनी लाभाजले थप दुई विदेशी खेलाडीलाई टिममा अनुबन्धन गरेको छ । लुम्बिनी लाभाजले प्रेस विज्ञप्ती जारी गर्दै रसियन केसेनीय तिसिना र किर्गिस्तानकी ओगुलाई कुडाई कुलोभालाई टिममा अनुबन्धन गरेको जनाएको हो । प्रतियोगिताको नयाँ टिमको रुपमा रहेको लुम्बिनी लाभाजले आफ्नो टोलीलाई थप बलियो बनाउन रसिया र किर्गिस्तानबाट खेलाडी थप गरेको हो । दुई विदेशी खेलाडी अनुबन्ध गरेपछि लुम्बिनी टिम पनि पूर्ण भएको छ । यसअघि नै एक विदेशी खेलाडी अनुबन्ध गरिसकेको लुम्बिनीले ट्यालेन्ट हन्टबाट पनि खेलाडी अनुबन्ध गरिसकेको छ । रसियन केसेनीया रुसी राष्ट्रिय लिगमा लामो अनुभव बटुलेकी कुशल आउटसाइड हिटर हुन् । उनको शक्तिशाली स्पाइक, बलियो ब्लकिङ र स्थिर डिफेन्सले टोलीलाई महत्वपूर्ण लाभ पुग्ने विश्वास गरिएको छ । यस्तै किर्गिस्तानको राष्ट्रिय टोलीकी सदस्य भइसकेकी कुलोभा पनि आउटसाइड हिटर पोजिसनमा खेल्छिन् । उनको प्रभावशाली प्रहार गर्ने क्षमता र निरन्तर ऊर्जा भर्ने शैलीले टोलीलाई थप गतिशीलता दिने विश्वास टिमले लिएको छ । लुम्बिनी लाभाजले पहिलो विदेशी खेलाडीको रुपमा रसियाकी ब्लकर भेरोनिका जुवरेभालाई सार्वजनीक गरिसकेको छ । तीन विदेशी खेलाडीको आगमनले टिम बलियो बनेको विश्वास क्लबले गरेको छ । नेपाली राष्ट्रिय महिला भलिबल टिमकी कप्तान अरुणा शाहीलाई मार्की खेलाडी बनाएको लुम्बिनी लाभाजले अक्सनमार्फत राष्ट्रिय टिमकै सदस्य कामना विष्ट र शान्तिकला तामाङ, यू-२० टिमबाट खेलिसकेका अलिसा मानन्धर,अनुसा चौधरी र जेनिशा विश्वकर्मा, अनी रोमा महतो र रिकजना माझीलाई टोलीमा समावेश गरेको थियो । लुम्बिनीले ट्यालेन्ट हन्टबाट जानकी केसीलाई अनुबन्धन गरिसकेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीको उत्कृष्ट संयोजनले लुम्बिनी लाभाज यस सिजनको लिगमा एक शक्तिशाली टोलीका रूपमा प्रस्तुत हुने टिमको अपेक्षा छ ।


वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### माछापुच्छ्रे बैंकद्वारा जनता माविलाई झोला र वाटर डिस्पेन्सर सहयोग



**पाल्पा,** भदौ १५/माछापुच्छ्रे बैक लिमिटेड पाल्पा शाखाले जिल्लाको एक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि झोला र वाटर डिस्पेन्सर सहयोग गरेको छ । बैंकले यहाँको तानसेन नगरपालिका-३ भगवतीटोलमा रहेको जनता माध्यमिक विद्यालयलाई उक्त सामग्री सहयोग गरेको हो ।

सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विद्यालयमा अध्यनरत गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई झोला र विद्यालयको लागि तातो चिसो पानी आउने वाटर डिस्पेन्सर वितरण गरिएको बैंकले जनाएको छ । बैंकले विद्यालयमै पुगेर उक्त सामग्री हस्तान्तरण गरेको हो । बैंकका शाखा प्रबन्धक विक्रान्त राणाले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भोजराज पोखरेल र प्रअ हरि प्रसाद घिमिरेलाई उक्त सामग्री हस्तान्तरण गरेका हुन् । सामग्री हस्तान्तरण गर्दै शाखा प्रबन्धक राणाले विपन्न तथा जेहन्दार विद्यार्थीहरुलाई सानो भए पनि सहयोग होस् भनेर झोला वितरण गरिएको बताए । उनले भने "हामीले सामाजिक उत्तरदायित्व अन्तर्गत यो सहयोग गरेका हौं, यसले विद्यार्थीहरुलाई थप अध्ययन गर्न प्रोत्साहन मिल्ने छ भन्ने हामीले विश्वास लिएका छौं ।" प्रवन्धक राणाले तातो, चिसो र स्वच्छ पिउने पानीका लागि वाटर डिस्पेन्सर महत्वपूर्ण हुने बताए । उनले आगामी दिनमा पनि यस्तै विद्यालयहरुलाई सहयोग गर्दै जाने उल्लेख गरे । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पोखरेल, प्र.अ घिमिरेले बैंकले विद्यालयप्रति देखाएको सहयोग र सद्भाव प्रंशसनिय रहेको भन्दै धन्यवाद व्यक्त गरे । कार्यक्रममा बैंकका कर्मचारीहरु तथा शिक्षकहरुको उपस्थिति थियो ।

## हैजाका लक्षण र बच्ने उपाय

**लक्षणः**

- -बारम्बार पानीजस्तो पातलो पखाला लाग्ने,
- -बारम्बार वान्ता हुने,
- -शरीर कमजोर हुने, आँखा भासिने,
- -शरीरमा पानीको कमी भई अत्यधिक पानी तिर्खा लाग्ने,
- -मुख र छाला सुख्खा हुने,
- -कमजोरी र थकान महशुस हुने,
- -चक्कर लाग्ने वा होश हराउने,
- -कम रक्तचाप र छिटो नाडी चल्ने ।

**बच्ने उपायहरूः**

- -पानी उमालेर वा फिल्टर गरेर पिउने,
- -खाना पकाउँदा र खाँदा साबुनपानीले हात धुने,
- -जथाभावी दिशापिसाव नगर्ने र शौचालय सफा राखे,
- -खानेकुरा राम्रोसँग पखालेर खाने,
- -झोलिलो खाना र प्रशस्त पानी पिउने,
- -लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा जाने ।

नेपाल सरकार
विज्ञापन बोर्ड


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई